चुलाचुली गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

पत्र संख्याः ०७८।०७९

च.नं. २८२

१ नं. प्रदेश, नेपाल

फोन नं.०२७-६९१४१४

मिति – २०७८/०५/२८

श्री सामुदायिक तथा संस्थागत विद्यालयहरू सबै
चुलाचुली गाउँपालिका, इलाम।

विषयः बाल दिवसको अवसरमा निबन्ध प्रतियोगिता सञ्चालन गर्ने सम्बन्धमा।

प्रस्तुत विषयमा "**सामान्य अवस्था वा कोभिड महामारीः बाल अधिकार संरक्षण हाम्रो जिम्मेवारी**" भन्ने मूल नाराका साथ राष्ट्रिय बाल दिवस २०७८ मनाउने सन्दर्भमा चुलाचुली गाउँपालिकाको आयोजनामा "**सुनिश्चित बालमैत्री बानी र व्यवहारः बालमैत्री चुलाचुली सम्मृद्धिको आधार**" शीर्षकमा बालक्लव स्तरीय निबन्ध प्रतियोगिता आयोजना गरिएको हुँदा उल्लिखित शीर्षकमा तहाँ विद्यालयहरूले तीन सय शब्दमा नबढ्ने गरी आधारभूत तह स्तरीय तथा पाँच सय शब्दमा नबढ्ने गरी माध्यमिक तह स्तरीय निबन्ध प्रतियोगिता गराई विद्यालयद्वारा तयार गरिएको निर्णायक मण्डलको निर्णय बमोजिमका उत्कृष्ट तीन प्रतियोगीहरूको निबन्धको सक्कल प्रतिसहित प्रतियोगीको नामावली मिति २०७८/०५/०४ गतेसम्म यस कार्यालयमा आइपुग्ने गरी पठाइदिनुहुन अनुरोध छ। प्राप्त उत्कृष्ट निबन्धहरूलाई पुनः पालिका स्तरीय प्रतिस्पर्धा गराई प्रथम, द्वितीय, तृतीय र सान्तवना स्थान प्राप्त गर्ने प्रतियोगीहरूलाई उचित पुरस्कारको व्यवस्था गरिने व्यहोरा समेत जानकारीका लागि अनुरोध छ। प्रतियोगीको नामावली पठाउँदा सहभागी विद्यार्थी अध्ययनरत विद्यालयको नाम; विद्यार्थी संलग्न बालक्लव वा बाल सञ्जालको नाम समेत उल्लेख गरी पठाइदिनुहुन समेत अनुरोध छ। सामग्री पठाउँदा स्क्यान गरी चुलाचुली गाउँपालिकाको इमेल ठेगाना chulachuli.ruralmunicipality@gmail.com मा समेत पठाउँन सकिनेछ।

..........................................
मिलन कुमार भट्टराई
नि. प्रमुख प्रशासकीय अधिकृत

नि.प्रमुख प्रशासकीय अधिकृत

Website: www. chulachulimun.gov.np Email : *chulachuli.ruralmunicipality@gmail.com*
*"कृषि पर्यटन र पूर्वाधारमा उन्नति, चुलाचुली गाउँपालिकाको समुन्नति"*

Scanned with CamScanner